'यदि तिमीले व्यक्तिलाई मुल्याङ्कन गर्न थाल्यौ भने उसलाई प्रेम गर्न विर्सन्छौं ।' - मदर टेरेसा


हामी जे देख्छौं, त्यही लेख्छौं

# रेखदेख

www.rekhadekh.com प्रेस काउन्सिल नेपालद्वारा 'ख' मा बर्गिकृत साप्ताहिक

वर्ष ५ अंक १८ रुकुम २०७५ चैत २५ सोमबार 8 April 2019 Monday मुल्य २० पृष्ठ ६



रेखदेख

पत्रिकाको ग्राहक बन्नु परेमा
सूचना तथा विज्ञापन छपाई गर्नु परेमा
पत्रिका नियमित नआएमा
समाचार तथा विचार छपाई गर्नु परेमा

**सर्म्पकको लागि :**
९८५१२३६७१३,९८४७८७६७१३
Email-info@rekhadekh.com




परेर पनि नचेत्नेहरू ! २



पहिलो मुद्दा गोपाल जीलाई लागोस् ! ४



जुम्ल्याहा बच्चाका बुवा फरक-फरक ६

# साढे ६ सय घरमा खानेपानी

**रेखदेख संवाददाता**
**बाँफीकोट**

६० लाख लगानीमा साढे ६ सय घरमा खानेपानी पुग्ने भएको छ । बाँफिकोट गाउँपालिकाका ३ वटा वडाका ६ सय ४७ घरधुरीमा खानेपानी पुऱ्याउन थालिएको हो । रु. ६० लाख ४ हजार रुपैयाँको लागतमा खानेपानी निर्माण कहुन थालेको छ । २, ३ र १० नम्बर वडामा गाउँपालिका, वडा कार्यालय तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको संयुक्त लगानीमा खानेपानी योजना निर्माण भइरहेको जनाएको छ । २ नम्बर वडामा थगारेखोली खानेपानी आयोजना र ३ नम्बर वडामा भतभते-डार्ने-डाँडा-सल्लेचौर-भाग्ले-खोयापधेरा- गरालाबोट-जग्रा-बाल्लाचौर खानेपानी निमार्ण हुने भएको हो । त्यस्का साथै १० नम्बर वडामा सिंगाखोला-मयेरी



खानेपानी योजना निर्माणको काम अन्तिम चरणमा पुगेको स्थानीयले बताएका छन् । २ नम्बर वडाका ३ सय ८७, ३ नम्बर वडाका २ सय ३ र १० नम्बर वडाका ५७ घरधुरीलाई लक्षित गरी खानेपानी योजना निर्माण भईरहेको जलवायु परिवर्तन सहयोग कार्यक्रमका संयोजक भक्त भण्डारीले जानकारी दिएका छन् ।

एक घर, एक धारा अर्न्तगत खानेपानी योजना निर्माण भइरहेको थगारेखोली खानेपानी योजना निर्माण समितिका अध्यक्ष मैसर बुढाक्षेत्री जनाए । उनका अनुसार योजनामा गाउँपालिकाले २१ लाख १५ हजार, २ नम्बर वडाले १८ लाख, नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको १५ लाख गरी ५४ लाख १५ हजार अनुदान दिएको छ ।

एक घर, एक धारा अन्तर्गत योजना असार पहिलो हप्ता गाउँमा खानेपनी पुग्राउने जनाएको छ । भने अर्को वर्ष घर -घरमा पुग्ने गरी काम गरिने वडाध्यक्ष धनबहादुर खत्रीले बताएका छन् ।

३ नम्बर वडामा ३४ लाख १२ हजार रुपैयाँ लागतमा खानेपानी योजना निर्माण भइरहेको उनले जानकारी दिएका छन् । जलवायु परिवर्तन सहयोग कार्यक्रमको रु. २८ लाख, गाउँपालिकाको ११ लाख र ५ लाख १८ हजार श्रमदानमा योजना निर्माणको काम भइरहेको हो । त्यस्तै, ८ लाख ७७ हजार लगानीमा १० नम्बर वडामा खानेपानी योजना निर्माण भइरहेको छ । टोलमा भएका पुराना खानेपानी योजना जीर्ण भएका कारण नयाँ योजना थालिएको हो । खानेपानी योजनाको पाइप लाइन विस्तारको काम सुरु गरिएको जनाएको छ ।

# कारागारमा पुस्तकालय

**रेखदेख संवाददाता**
**मुसीकोट**

कर्णाली प्रदेशका १० वटै जिल्लामा पुस्तकालयको स्थापना गरिएको छ । कर्णाली प्रदेशका रुकुम (पश्चिम), सल्यान, जाजरकोट, सुर्खेत, दैलेख, डोल्पा, हुम्ला, मुगु, कालिकोट र जुम्लाको कारागारमा पुस्तकालय स्थापना गरिएको हो ।

कारगारमा पुस्तकालय स्थापना भएसँगै कैदीबन्दीले पुस्तक अध्ययन गर्न पाउने भएका छन् । प्रदेश प्रहरी कार्यालयको अगुवाइमा कर्णाली प्रदेशका कारागारहरुमा पुस्तकालय स्थापना शनिवार भएको हो ।

पुस्तकालय स्थापनाका लागि डीआईजी महेशविक्रम शाहको संयोजकत्वमा गठित समिति र जिल्ला(जिल्लामा उपसमिति गठन गरिएको थियो । सोही उपसमितिहरुले पुस्तकालय स्थापना गरेका हुन् । कर्णाली प्रदेशमा झण्डै रू. २१ लाख बराबरको ८ हजार ३ सय ८८ ओटा पुस्तक संकलन गरिएको हो ।

**पुस्तकालयको उद्घाटन**

शनिवार कर्णाली प्रदेशसँगै रुकुम जिल्ला पश्चिममा पुस्तकालयको उद्घाटन गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मी र साहित्यकार द्धय राजेन्द्र पराजुली र कुमारी लामाले पुस्तकालय उद्घाटन गरेका हुन् । कैदीबन्दीलाई अध्ययनमा सरिक बनाउने उद्देश्यले पुस्तकालयको स्थापना भएको प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले बताए ।

कारागारलाई ज्ञानकेन्द्रको रुपमा विकास गर्न कारागारमा पुस्तकालय स्थापना गरिएको हो ।

खाली समयलाई ज्ञान आर्जन गर्न लगाउन बरिष्ठ लेखक तथा कथाकार राजेन्द्र पराजुलीले सुझाव दिएका छन् । रुकुम जिल्लाका कारागारका कैदीबन्दीहरुसँग साहित्यकारहरुले साक्षत्कार गरेका थिए ।


**रेखदेखको ग्राहक बन्न**

रुकुम (पश्चिम) :
९८६६८५३७५३
९८२१५६६९९२
रुकुम (पूर्व) :
९८६९९८३२२८
९८२४५२०१०९
बहुउद्देश्यीय सेवा सर्म्पक प्रा.लि.
९८४४९१७४८५


# समृद्धिका लागि सोच र संस्कार बदलौं

**रेखदेख संवाददाता**
**मुसीकोट**

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर सोच र संस्कारको परि वर्तन विना समृद्धि सम्भव नरहेको बताएका छन् । रुकुम पश्चिमको मुसिकोटमा जिल्ला समन्वय समिति रुकुम पश्चिमले आयोजना गरेको कर्णाली प्रदेश स्तरीय बृहत साँस्कृतिक सम्मेलनमा बोल्दै शाहीले साँस्कृतिक क्रान्तिबाट नै समाजवादी व्यवस्था आउने धारणा राखेका छन् । देशको आमूल परिवर्तनका लागि अब



साँस्कृतिक, भाषिक र जातीय पहिचानलाई समेत बचाई राख्न साँस्कृतिक क्रान्ति आवश्यक रहेको उनको भनाई छ । कर्णालीका जनताले स्थायी शान्ति र सुशासन चाहेका छन्, त्यसको लागि परिवर्तन सहितको विकास र समृद्धि आवश्यक रहेको बताए । पछिल्लो समय लोप हुने अवस्थामा रहेको कला संस्कृतिलाई जर्गेना गर्नु पर्ने धारणा समेत उनको छ । उनले भने, कर्णाली प्रदेश भाषा, कला र संस्कतिको धनी भएकोले यी साँस्कृतिक पहिचानलाई बचाउन रुकुम पशिमबाट सुरुवात भएको बताए । तीन दिनसम्म सञ्चालन हुने साँस्कृतिक सम्मेलनमा कर्णाली प्रदेशका १० जिल्ला र प्रदेश नं ५ को रुकुम पुर्वबाट गरी ११ जिल्लाको साँस्कृतिक सास्कृति सम्मेलन हुनेछ ।


## हार्दिक बधाई तथा शुभकामना

नेपाल रेडक्रश सोसाईटी जिल्ला शाखा रुकुमको १५ औं अधिवेशनबाट सभापति जस्तो गरिमामय पदमा र्निविरोध निर्वाचित **रमा गौतम** उप-सभापति **अमरसिङ खड्का** महिला उप-सभापतिमा **दिपा डाँगी खड्का** मन्त्री **टेकबहादुर खड्का** कोषाध्यक्ष **यज्ञबहादुर केसी** उपमन्त्री **गणेशमान डाँगी** उप-कोषाध्यक्ष **भुपेन्द्रकुमार ओली**का साथै सदस्यहरु **बसन्त नेपाली**, **मेवालाल ओली**, **हरिहर केसी**, **लोकचन्द्र रोका**, **प्रेमबहादुर ओली** र **सुरेन्द्र खत्री**लाई हार्दिक बधाईका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल रेडक्रश सोसाईटी**
**अर्मा उपशाखा परिवार रुकुम (पश्चिम)**



ASIAN Life Insurance Company
सबैको लागि सधैंको लागि सुरक्षा...

**एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**

**जीवन बीमा के को लागि :**
- कर छुटको लागि
- ऋण सुविधाको लागि
- परनिर्भरता उन्मुलनको लागि
- भविष्यको योजनाको लागि
- बचत प्रोहत्साहको लागि
- बच्चाको प्रत्येक महिना पढाई खर्च पाउनको लागि
- आफ्नो बुढेसकालको सहाराको लागि
- अनिवार्य बचतको लागि

**कम्पनीले हालसम्म २० प्रकारका योजना सञ्चालन गरेको छ ।**
- एशियन सावधिक जीवन बीमा (दुर्घटना लाभ सहित)
- १२,१५,१८,२० वर्षे अग्रिम भुक्तानी जीवन बीमा (दुर्घटना लाभ सहित)
- सुखी जीवन (सावधिक र आजिवन) जीवन बीमा (दुर्घटना लाभ सहित)
- बाल उमंग (सावधिक) जीवन बीमा मासिक शैक्षिक खर्च लाभ सहित
- वाल भविष्य (सावधिक) जीवन बीमा
- अधिकतम बीमा : रु. ५० लाख

अधिकतम बोनस ब्याजदर प्रतिहजार ८५ रुपैयाँ सम्म पाउने
(सबैको लागि सधैंको लागि सुरक्षा)

**पुरक करार अर्न्तगत समावेस हुने घातक रोगहरू :**
- सवै किसीमको क्यानसर रोग
- किड्नी फेलियर : (एण्ड स्टेजरेनल फेलियर)
- खास गम्बीर प्रकृतिको ब्रेन ट्युमर
- बहु स्क्लेरोसिस
- मुख्य अंग प्रत्यारोपन गरिएका ।
- कोरोनरी आर्टरी वाइपास ग्राफ्ट (सल्याकृयागरी ब्रेष्ट वोनलाई छुट्याउन गरिएको भएमा ।
- एओर्टा सर्जरी (महाधमनीको शल्यकृया)
- मुटुको धमनीको शल्यकृया
- मष्तिष्क घात (स्ट्रोक)
- मायोकार्डियल इन्फ्राक्शन (पहिलो ह्दय घातक )

**बिस्तृत जानकारीको लागि**
सर्म्पक नम्बर : ०८८-५३००९४ मोवाईल नम्बर : ९८५७८२२६०७ मुसीकोट न.पा.१ रुकुम पश्चिम बागबजार ९८४७८६९२२७ र ९८०१०५९९८१

कुरा सबैका सुनौं, बीमा एशियनमै गरौं ।

*'बाटो कहाँ जान्छ, त्यहा नजानुहोस् बरु त्यहाँ जानुहोस् जहाँ कुनै बाटो छैन र छाप छोड्नुहोस् ।' - राल्फ वाल्डो एमर्सन*

## सम्पादकीय

# तथ्याङ्क विनाको भर्ना अभियान !

नयाँ वर्षसँगै नयाँ शैक्षिक सत्र २०७६ नजिकिएको छ। नयाँ शैक्षिक सत्र सुरु भएसँगै विद्यालयहरुले भर्ना अभियानलाई तिव्रता दिने प्रचलन छ। नीजि तथा संस्थागत विद्यालयहरुले भर्ना अभियान सञ्चालन गर्ने गर्दछन्।

विद्यालय बाहिर रहेका बालवालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउने उद्देश्यले भर्ना अभियान सञ्चालन हुन्छ । यसपालिको भर्ना अभियानबाट रुकुम पश्चिमका ६ वटै स्थानीय तहका सबै वालवालिकाहरु विद्यालयको पहुँचमा पुऱ्याउन जनप्रतिनिधी, नागरिक समाज, अभिभावक, शिक्षक तथा विद्यार्थीहरुले पहल गरौं । रुकुम (पश्चिम) जिल्लाका ग्रामिन क्षेत्रका दलित, गरिब र विपन्न परिवारका बालवालिकाहरु अझै विद्यालयसम्म पुग्न सकेका छैनन्।

विद्यालय सम्म पुगेका वालवालिकाहरु पनि विद्यालय छोड्ने दर बढी रहेको बेला बेला छलफलको विषय बन्छ। तर यसको एकीन तथ्याङ्क जिल्ला शिक्षा विकास इकाई सँग पनि छैन् । पहिलो कुरा विद्यालय बाहिर रहेको वालवालिकाको तथ्याङ्क संकलन गरौं । किन बालवालिकाहरु विद्यालय छोड्ने गरेका छन कारण खोजौं।

आ-आफ्नो पालिकाले योजना बनाएर अगाडि बढेमा विद्यालय बाहिरका वालवालिकालाई विद्यालय पुऱ्याउन सकिन्छ । अनि विद्यालय पुगेका वालवालिकालाई टिकाउन योजना बनाऔं । सँग-सँगै विद्यालयको शिक्षक दरबन्दी, पाठ्य पुस्तक समयमा पुगेनपुगेको अनुगमन गरौं। जसले विद्यालय वाहिरका वालवालिका विद्यालय पुऱ्याउने, विद्यालयमा पुगेका वालवालिकाहरु बिद्यालय छोड्ने दर घट्ने छ । जसले समग्र वडा, पालिका र जिल्लाकै शिक्षाको गुणस्तरमा सुधार हुनेछ।

रेखदेख
पाठक वर्गमा अनुरोध
तपाईहरुलाई रेखदेख साप्ताहिक पत्रिकामा प्रकाशित सामाग्रीहरू कस्तो लाग्छ ? पत्रिकालाई थप जनमूखी बनाउन के गर्नुपर्ला ? साथै पत्रिकामा लेख-रचना, प्रतिक्रिया सल्लाह सुझावको साथै सूचना तथा विज्ञापन छाप्नु परेमा सम्पर्कको लागि मोवाईल ९८४७८७६७१३ ईमेल : info@rekhadekh.com वा rekhadekh@gmail.com मा पठाउनुहोला ।
- सम्पादक

# परेर पनि नचेत्नेहरू !

**परेर पनि नचेत्नेलाई मूर्ख भनिन्छ । हामी नेपाली मूर्खता पनि दोहोर्‍याउन अभीशप्त छौं सायद । नत्र, माओवादीको हिंसात्मक विद्रोहको दशकको चोट १२ वर्षमै यसरी बिर्सन नहुने हो । अहिले सरकार, प्रमुख विपक्षी, बुद्धिजीवी र पत्रकार सबैले २०५२ - २०६३ का गल्ती दोहोर्‍याउन थालेका छन् ।**





गोविन्द अधिकारी

### दमन मुद्रामा सरकार

सरकारले दमनबाटै हिंसालाई ठेगान लगाउन खोजेको छ । उति बेला पनि माओवादी हिंसालाई मामुली ठानेर दमनबाटै तह लगाउने सोच बनाएको थियो सरकारले । नेपाल प्रहरीकै भरमा माओवादी हिंसालाई तह लगाउन खोजिएको थियो । तर, प्रहरी कारबाही नै माओवादीलाई कार्यकर्ता खोजिदिएजस्तो भयो । प्रहरीले गाउँगाउँमा धरपकड सुरु गरेपछि युवा वन पस्न बाध्य भए । समातिएकाहरूमाथि मुद्दा चलाइएन । बस्, थुनेर राखियो । सरकारले नै कानुन उल्लंघन गरेर अरूलाई पनि कानुन मिच्न उक्साएको थियो । विद्रोह यस्तैमा हुर्कने त हो । सरकारले नेत्रविप्लव चन्द 'विप्लव'को गतिविधि माथि प्रतिबन्ध लगाएको छ । यसलाई केहीले 'पार्टीमाथि प्रतिबन्ध नलगाउने संवैधानिक प्रावधान'विपरीत भएको भन्दै आलोचना गरेका छन् । तर, चन्द समूह विधिवत् स्थापित राजनीतिक दल हैन । यसैले त्यस समूहले राजनीतिक दलले पाउने संवैधानिक सुविधा पाउँदैन । नेपाली कांग्रेस र अरूले पनि राजनीतिकरूपमा 'सही शब्द' प्रयोग गरेका छैनन्। चन्द समूहको गतिविधिमा सरकारले लगाएको प्रतिबन्ध सही होइन भन्न पाइन्छ तर राजनीतिक दलमाथि प्रतिबन्ध लगायो भन्न मिल्दैन ।

नेपाल कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूको धरपकड सुरु भएको छ । बम पड्काएको जिम्मा लिने व्यक्तिलाई सरकारले पक्रने पर्छ । नत्र, राज्यको अस्तित्व कागजमा सीमित हुन्छ । नेपालगन्जमा प्रहरीले बन्दुक बनाउने कारखाना फेला पारको बताएको छ । अवैध हतियार बनाउनेलाई कारबाही त गर्नैपर्छ । तर, गाउँगाउँमा धरपकड अभियान चलाउनु गलत हुन्छ । चन्द समूहको सदस्य वा समर्थक भएकै भरमा कसैलाई पक्रन संविधान र कानुनले पनि दिँदैन । सरकारले नै कानुन मिच्न थालेपछि अरूले पनि पालना गर्दैनन् । यसैले सरकार 'दमनकारी' हुन हैन शान्तिसुरक्षा कायम राख्ने दायित्वप्रति सजग होस् । कसैमाथि पनि अन्याय नगरियोस् । पहुँच हुनेहरू सर्वोच्च अदालत गुहारेर उम्कने र गरिब निमुखा भ्यालखानामा पुर्पक्षविना सड्ने अवस्था उत्पन्न नगरियोस् । यस्तै, चन्दा दिए कारबाही हुन्छ भनेर तर्साउनुको साटो सरकारले सुरक्षा प्रबन्ध बलियो बनाएर जनविश्वास हासिल गरोस् ।

### कमजोरी अभियोजनको गुनासो न्यायाधीशसँग !

अदालतले चन्दका कार्यकर्ता धेरैलाई धरौटीमा छाडिरहेको छ। माओवादी हिंसाका बेलामा पनि अदालतले धेरैलाई धरौटीमा छाडेको थियो । अनि त्यति बेला पनि प्रहरीको गुनासो हुन्थ्यो - कति दुःख गरेर ज्यानको बाजी राखेर पक्र्यो अदालतले छाडिदिन्छ। कसरी काम गर्ने ? अहिले पनि प्रहरीको त्यस्तै गुनासो सुनिन थालेको छ । न्यायाधीशबाट सहयोगको हैन न्यायको अपेक्षा राख्नुपर्छ। अभियोजन बलियो भए न्यायाधीशले मुद्दा हराउँदैनन् । कार्यकर्तामाथि प्रमाण पुर्‍याएर मात्र मुद्दा चलाउनु उचित हुनेछ। प्रमाण नभए पनि फसाउन खोजियो भने हारिने जोखिम धेरै हुन्छ। अदालतले चन्दका कार्यकर्ता धमाधम छाड्नुको मुख्य कारण कमजोर अभियोजन नै हुनुपर्छ ।

### विपक्षको मूर्खता

नेपाली कांग्रेसका नेताहरू रातारात चन्दको राजनीतिक अधिकारप्रति सजग हुनपुगेका छन् । यस्तै मोह उति बेला नेकपा (एमाले)का नेताहरूले पनि माओवादी प्रति देखाउने गर्थे। नेकपा (एमाले)का तत्कालीन महासचिव माधवकुमार नेपालले माओवादीले मारेका कांग्रेस कार्यकर्तालाई 'शोषक सामन्ती' भन्ने गर्थे । कांग्रेस विरोधी बुद्धिजीवी, पत्रकारमात्र हैन कांग्रेसमै पनि गिरिजाप्रसाद कोइराला सरकारमा भए कृष्णप्रसाद भट्टराई समर्थक र भट्टराई सरकारमा हुँदा कोइराला समर्थकहरू माओवादीप्रति नरम हुने गर्थे । अहिले पनि त्यस्तै गल्ती दोहोरिन थालेको छ। विपक्षले सरकारी ज्यादती र दमनको भने विरोध गर्नैपर्छ । पक्राउ गरिएका चन्दका कार्यकर्तालाई यातना दिइयो, गैरकानुनी हिरासतमा राखियो र परिवारजनलाई प्रहरीले सताउन थाल्यो भने प्रमुख विपक्षले त्यसका विरुद्ध आवाज उठाउनुपर्छ । मानव अधिकारको रक्षा विपक्षको प्रमुख कार्यसूची हुनुपर्छ। यस्तै, सरकारले माओवादी द्वन्द्वकै बेलामा जस्तो गैरन्यायिक हत्या गर्न थाल्यो भने प्रमुख विपक्ष तमासा हेरेर बस्न मिल्दैन । तर, शान्तिसुरक्षा कायम गर्न सरकारले कानुनसम्मत उपाय अपनाउँदासम्म भने विरोध गर्नु उचित हुँदैन । नेपाली कांग्रेसले चन्दलाई वार्तामा बोलाउनुपर्छ भन्नुसम्म त गलत हैन तर हिंसात्मक गतिविधि नियन्त्रण गर्न थालिएको सुरक्षा कारबाहीको विरोध गर्नु आत्मघाती हुनेछ। देशमा संगठित हिंसा नियन्त्रण गर्न राज्यले थालेको कारबाहीमा सबैले साथ दिएमा सुरक्षाकर्मीको पनि मनोबल बढ्छ। अर्को चुनावसम्म चन्द समूहको संगठित हिंसा बढ्दै गयो भने या त चुनावै हुँदैन। भइहाल्यो भने सबैभन्दा बढी निसानामा कांग्रेसकै उमेदवार पर्नेछन् । परेनन् र कांग्रेसले नै चुनाव जित्यो भने पनि चन्दको हिंसात्मक क्रियाकलाप नै सबैभन्दा ठूलो चुनौती हुनपुग्नेछ ।

विसं २०५४ मा स्थानीय निकायको निर्वाचन ताका वामदेव गृहमन्त्री थिए । त्यतिबेला मृत्युदण्ड दिन सकिने कानुन संसद्मा प्रस्तुत गरिएको थियो । तर, गाउँगाउँमा कांग्रेसका उमेदवार अपहरण गर्ने, धम्क्याउने गरेर माओवादीले एमालेलाई चुनाव जित्न सघाएका थिए ।

(माओवादीलाई त भारत सरकारकै साथ रहेछ । दरबारकै पनि साथ थियो माओवादीलाई । उतिबेलै कांग्रेसका नेताहरूले 'दिल्ली' र 'निर्मल निवास'को माओवादीलाई सहयोग रहेको आरोप लगाएकै हुन् ।)

### सञ्चारकर्मीको मूर्खता

माओवादी हिंसालाई कम्युनिस्ट समर्थक पत्रकारमध्ये अधिकांशले समर्थन गरेका थिए। त्यति बेलाका पत्रिकाको अध्ययन गरे हुन्छ मारिएका नेपाली कांग्रेसका कार्यकर्तालाई शोषक, जासुस, सामन्ती, अपराधी सिद्ध गर्न मार्नु अघि वा मारिएलगत्तै तिनका पत्रिकामा लामा लेखहरू छापिन्थे। सञ्चार क्षेत्रमा भएकाहरूले त्यस्ता लेख प्रायोजित हुन् भन्ने बुझे पनि सामान्य जनता भ्रममा पर्थे। कम्युनिस्ट समर्थक बाहेक मूलधारकै पत्रिकामा पनि माओवादी हिंसालाई जानिनजानी महिमामण्डित गरिन्थ्यो । गिरिजाप्रसाद कोइरालाको डाहाले थुप्रै पत्रकार माओवादीका सहयोगी बन्न पुगे । पत्रकारहरूको त्यस मूर्खताले माओवादी हिंसालाई मलजल भयो ।

अहिले सञ्चार माध्यममा हिंसाको परिणामलाई बेवास्ता गरेर सरकारलाई थुर्ने मूर्खता बढ्यो भने त्यसले अन्ततः अधिनायकवाद नै निम्त्याउने हो । अधिनायकवादको पहिलो सिकार हुने त पत्रकार नै हुन् । सरकारलाई औंला ठड्याउनुपर्ने अरू नै धेरै विषय छन् । शान्तिसुरक्षाको गम्भीर विषयलाई सस्तो बनाउने मूर्खता नगरौं ।

### र, अन्त्यमा

अहिले भारतबाट ल्याइने माछा, खसी, राँगा सीमातिरै रोकिएका रहेछन् । त्यही कारणले माछामासुको मूल्य बढेको हो रे ! सामाखुसीका माछा बेच्ने भाइले भने - "लुकाएर ल्याएको माछा महँगो त भइहाल्छ नि !" माछा लुकाएर ल्याउन सकिन्छ भने हतियार पनि सकिएला। अब त चीनबाट सुन पनि तस्करी हुनथालेको छ । सुन ल्याउन सक्नेले हतियार पनि सक्ला । सरकार कति चनाखो छ कुन्नि ? *बाह्रखरी डटकमबाट*

ताजा सामाचार र भरपुर मनोरञ्जनका लागि
www.rekhadekh.com




# सानीभेरी गाउँपालिका पनि जातिय छुवाछूत मुक्त घोषणा

**रेखदेख संवाददाता**
**सिम्ली**



सानीभेरी गाउँपालिकालाई जातिय छुवाछुत मुक्त घोषणा गरिएको छ । पश्चिम रुकुमको सानीभेरी गाउँपालिका विहीबार जातीय छुवाछूत मुक्त तथा सदभाव युक्त गाउँपालिका घोषणा गरिएको हो ।

कर्णाली प्रदेशका सामाजिक विकास समितिका सभापति राजु परियारले गाउँपालिकालाई जातिय छुवाछूत मुक्त घोषणा गरेकी छिन् ।

गाउँपालिकामा सार्वजनिक धारा, कुवा तथा भौतिक संरचना प्रयोग र प्रवेशमा विभेद नरहेको, सवै जात जातिहरुको मन्दिरमा साझा पहुँच रहेको, जातीय कारणले चुलो, भान्सा तथा खानपानमा छुवाछूत नरहेको, अन्तरजातिय विवाह सहज रुपमा हुँदै गएको र बिद्यालयमा बालवालिकाहरु माथि जातका नाममा कुनै विभेद नभएको भन्दै सानीभेरी गाउँपालिका जातीय छुवाछूत मुक्त गाउँपालिका घोषणा गरेको गाउँपालिकाका अध्यक्ष नरबहादुर पुनले जानकारी दिएका छन् । उनले भने, गाउँपालिकाले बालिघरे प्रथा उन्मुलन हुँदै जानुका साथै परम्परागत जातीय शीपमा आधारित कामहरुमा सम्मानजनक व्यवहार भएको बताए । यसका साथै कानूनले सामाजिक अपराधका रुपमा लिएको जातीय भेदभावलाई गाउँपालिकावासीले बुझ्दै गएको गाउँपालिका अध्यक्ष पुनले बताए ।

यसैविच गाउँपालिकालाई जातिय छुवाछूत मुक्त घोषणा गर्दै गाउँपालिकाले यस सम्बन्धी १० वटा नीति तथा कार्यक्रम बनाउने प्रतिबद्धता व्यक्त गरेको व्यक्त गरेको छ ।

सानीभेरी गाउँपालिका जातिय छुवाछुत मुक्त घोषणा हुने जिल्लाको तेस्रो स्थानीय तह बनेको छ ।

यसअघि रुकुम पश्चिमको बाँफिकोट गाउँपालिका गत असार ५ गते जिल्लाको पहिलो स्थानीय तहका रुपमा जातिय छुवाछुत मुक्त तथा सामाजिक सदभाव युक्त घोषणा भएको थियो । त्यस्तै यहि चैत्र ७ गते जिल्लाको चौरजहारी नगरपालिका दोस्रो स्थानीय तहका रुपमा जातिय छुवाछुत मुक्त घोषणा भएको थियो । जिल्लाका ६ स्थानीयतह मध्येमा अव मुसीकोट र आठबीसकोट नगरपालिका र त्रिवेणि गाउँपालिका जातिय छुवाछुत मुक्त घोषणा हुन बाँकी रहेका छन ।

कार्यक्रममा रुकुम क्षेत्र नं. १ का सांसद रातो कामी, क्षेत्र नं. २ का गोपाल शर्मा, जिल्ला समन्वय समितिका प्रमुख राजकुमार शर्मा लगायत दलित अधिकारकर्मीहरुको आतिथ्यता रहेको थियो ।


## जनहितमा जारी सन्देश

- महिलाको उमेर कम्तिमा २० बर्ष पुगेपछि मात्र बिबाह गरौं ।
- गर्भावस्था र सुत्केरी अवस्थामा पोषिलो खानेकुरा खाने गरौं ।
- गर्भावस्थामा कम्तीमा ४ पटक स्वास्थ्य जाँच गराऔं ।
- बच्चा दक्ष स्वास्थ्कर्मीको निगरानीमा स्वास्थ्य संस्थामै जन्माऔं ।
- बच्चा जन्मेको एक घण्टाभित्र आमाको बिगौती दुध खुवाऔं ।
- बच्चा जन्मेको ६ महिना सम्म आमाको दुधमात्र खुवाउनु पर्दछ ।
- बच्चा ६ महिना पुगेपछि मात्र पुरक आहारा खुवाउने गरौं ।
- बच्चालाई कुपोणबाट जोगाउन पोशिलो खानेकुरा खुवाऔं ।
- सरसफाई गरौं, झाडापखाला, आऊ जस्ता रोगबाट बचौं ।

सिस्ने गाउँपालिकाको कार्यालय
रुकुम (पूर्व) ५ नम्बर प्रदेश नेपाल

## बहु उद्देश्यीय सम्पर्क सेवा प्रा.लि.
## व्यवसायीक जीवनको सहयोगी साथि

- स्थानीय तथा बहु राष्ट्रिय कम्पनीका उत्पादित बस्तुको खरिद विक्रीका साथै घर जग्गा कारोबार तथा बैकिङ कारोबार सम्पर्क सेवा ।
- विभिन्न व्यवसायीक तथा सामाजिक क्षेत्रका विषयहरुमा गरिने भेला, प्रशिक्षण, अन्तरक्रिया विचार तथा कार्याशाला गोष्ठी, तालिमको सशुल्क व्यवस्थापन सेवा ।
- रोजगारदाता कम्पनी, संस्था कार्यालयहरु सँगको समन्वय तथा सहकार्यमा दक्ष जनशक्ति मजदुरहरु आयात निर्यात गर्ने सेवा ।
- फोहरमैलाको व्यवस्थापन, वातावरण संरक्षण तथा पर्यटन प्रवर्द्धन सम्वन्धी कार्यक्रमहरुको व्यवस्थापन सेवा ।
- कम्प्युटर टाईपिङ, फोटोकपी, प्रिन्ट, लेमिलेसन, एमआरपी फारम भर्ने काम गरिन्छ ।
- पत्रिका वितरण तथा विज्ञापन संकलन गर्नुका साथै विद्युतीय छापा सञ्चार माध्यमको लागि पनि विज्ञापन संकलन गरिन्छ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरिएर सेवा उपलब्ध छ ।

**प्रबन्धक निर्देशक :- उपेन्द्रलाल कामी**
**सर्म्पक नं. ९८४४९१७४८५, ९८०९८२५७९२**


## रेखदेख साप्ताहिक राशिफल

२५ चैत २०७५ देखी २ बैशाख २०७६
8- 14 April 2019

**युवा जोतिष : ठाकुर देवकोटा**
**सम्पर्क नं. ९८४७८४४०९५**




**मेष :** आत्मा बिश्वास जोश जागँरका साथ अगाडि बढदा सफलता रहनेछ । अरुको भरमा पर्दा कार्यमा बाधा रहने समय देखिन्छ । बिवादमा नफस्नु राम्रो होला । बोल्दा बिचार गरेर बोल्नु होला । काम गर्ने क्रममा आफन्त तथा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । सोच बिचारका साथ अगाडि बढदा सफलता छ ।




**वृष :** स्वास्थ्यका लागि खानामा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आम्दानी थोरै खर्चमा बृद्धि रहने समय देखिन्छ । कुनै पनि जानकारी लिदा सावधानी भएर अगाडि बढदा सफलता छ । सोचेको कार्यमा केहि ढिलाई रहने समय देखिन्छ । बिगतमा बनाएका योजना तथा कार्यहरु स्थगित रहने देखिन्छ ।




**मिथुन :** समस्या लाई समाधान गर्ने समय छ । आर्थिक अभाव पर्ने देखिन्छ । बन्नै लागेको कामहरु रोकावट हुन सक्ने भएकोले पुन प्रयास गर्नु होला । साथीहरु सग मध्ययम रहला । यात्राको अवसर मिल्नेछ । पछि फाईदा हुने कार्यमा लगानि गर्ने समय रहेको देखिन्छ । आफन्त तथा छरछिमेकिमा तालमेल मिल्ने छैन ।




**कर्कट:** आम्दानीका कार्यहरु बढदै जानेछन । दैनिक कार्यमा ठिकै रहनेछ । सोचेको कार्यमा फाईदा नै रहने देखिन्छ । घर परिवारका आवश्यकता पुरा गर्ने समय रहेको देखिन्छ । मेहनत बाट कार्यमा सफलता रहनेछ । तपाईको कामको राम्रो प्रतिफल मिलनेछ । व्यापार व्यवसायमा फाईदा रहने देखिन्छ ।




**सिंह :** अरुको भरमा पर्दा कार्यमा समस्या आउला । कार्यको दौडमा अग्रज व्यक्तिहरु सग भेटघाट हुनेछ । समय लाई व्यवस्थापन गर्न नसक्दा समस्या आउने देखिन्छ । आफन्त बाट धोका छ । कामको जिम्मेवारी बहन गर्नुपर्ने समय देखिन्छ । अवसरका लागि केहि जटिल परिस्थितिको सामना गर्नुपर्ने देखिन्छ ।




**कन्या:** अरुको काममा समय दिनु पर्नेछ । स्वास्थ्यमा बिशेष ख्याल गर्नु होला । सामाजिक कार्यमा समय दिनु पर्ने देखिन्छ । मेहनत बाट कार्यमा सफलता आउला । सहयोगीको साथ र सहयोग रहनेछ । तपाईको कामको राम्रो प्रशंसा हुनेछ । आर्थिक लाभ रहने कार्यमा लाग्ने समय देखिन्छ । सोचेको काम बन्ने समय छ ।




**तुला :** कुनै पनि काम गर्दा सावधानी भएर अगाडि बढने समय छ । प्रयास बाट समस्याहरु समाधान गर्ने समय छ । गोपिनियतामा बिशेष ख्याल गर्नुहोला । नयाँ सोचेको कार्यमा सफलता रहनेछ । कुनै पनि कार्य गर्दा सावधानी भएर अगाडि बढनु होला । स्वास्थ्यमा केहि प्रतिकुलता रहने समय देखिन्छ ।




**वृश्चिक :** आम्दानीका स्रोतहरु बढने छन । प्रेम तथा मित्रता क्षेत्रमा अवश्य सफलता आउनेछ । व्यवसायिक यात्राको अवसर जुटने समय देखिन्छ । आफन्तको साथ र सहयोग मिल्नेछ । आधारभुत सामाग्री जोडने योग छ । आर्कषक पोषक लगाउने मन लाग्नेछ । अवसरहरु थुपै आउनेछन अवसर लाई प्रयोग गर्ने प्रयास गर्नुहोला ।




**धनु :** प्रयास गर्दा कार्यमा सफलता रहने समय देखिन्छ । समय परिस्थिति केहि प्रतिकुल रहनेछ । स्वास्थमा बिशेष ख्याल गरेर अगाडि बढनु होला । आफनो कार्यमा सफलता पाउन संघर्ष गर्नुपर्ने देखिन्छ । तपाईको कार्यमा समस्या दिनेहरु बाट सावधान रहनु होला । अनाबश्यक खर्चमा बृद्धि रहने समय छ ।




**मकर :** अरुलाई पछि पार्ने समय रहेको देखिन्छ । सोच बिचार गरेर कार्यमा लाग्दा सफलता आउने छ । नयाँ जानकारी आउने समय छ । तपाईको मेहनत बाट कार्यमा सफलता आउला । सन्तान पक्ष बाट साथ सहयोग रहने समय देखिन्छ । प्रतिस्पर्धामा सफलता रहनेछ । व्यापार व्यवसायमा मध्ययम रहनेछ ।




**कुम्भ :** सोच बिचार गरेर अगाडि बढदा कार्यमा सफलता रहनेछ । मेहनेति लाई काममा फाईदा नै छ । घर परिवारको साथ सहयोग अवस्य मिल्ने समय रहेको देखिन्छ । बोल्दा बिचार गरेर बोल्नु होला । अनाबश्यक बोल्ने बानीले कार्यमा समस्या आउला । आफनो योजना गोप्य राखेर अगाडि बढनु होला ।




**मीन :** बिगतको समस्याले सताउने समय रहेको देखिन्छ । घर परिवारमा केहि असमझदारी बढने समय छ । कुनै पनि काम लाई व्यवस्थापन मिलाएर गर्नु राम्रो होला । दैनिक काम ठिकै छ । तपाईको अल्छि गर्ने बानीले गर्दा कार्यमा ढिलाई हुनेछ । समय परिस्थिति लाई बुझेर अगाडि बढने समय रहेको छ ।

# पहिलो मुद्दा गोपाल जीलाई लागोस् !



**रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाली कांग्रेसका महासमिति सदस्य तथा पूर्व राज्य मन्त्री गोपाल जीजंग शाहले झुटो मुद्दामा कार्यकर्ता फसाएको भन्दै पहिलो मुद्दा आफूलाई लगाउन चेतावनी दिएका छन् ।
जनतालाई मुद्दा लगाएर दुःख दिनु भन्दा पहिलो मुद्दा मलाई लगाईयोस, त्यसपछि पार्टी सभापति प्रेमप्रकाश ओली, कृष्णबहादुर रोकाय र मानबहादुर नेपालीलाई लागोस् हामी भोग्न तयार छौं । तर जनतालाई झुठा मुद्दामा लगाएर नफसाउन चेतवानी दिएका छन् ।
नेपाली कांग्रेस मुसीकोट नगपालिकाले विहीबार आयोजना गरेको स्थानीय सरकारको विरोध कार्यक्रममा बोल्दै उनले यस्तो धारणा राखेका हुन् । चुनावमा मत नदिएको आधारमा विभिन्न बाहानामा नेपाली कांग्रेसका कार्यकर्तालाई दुःख दिएको आरोप उनले लगाए ।
स्थानीय सरकार जनताको भावना विपरित काम गरेको भन्दै उनले चर्को विरोध गरे । उनले भने, 'सरकार विकास निर्माणको नाममा अनियमितता गरेको भन्दै जनताको करबाट उठाएको रकम हिनामिन नगर्न आग्रह गरेका छन् ।' विरोध कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका सभापति प्रेमप्रकाश ओलीले विकासको नाममा सरकारले बजेटको दुरुपयोग गरेको आरोप लगाएका छन् । उनले भने, 'कर्मचारी, शिक्षक र नगरप्रहरीका साथै विकास निर्माणमा समेत कार्यकर्ता पोस्ने काम गरेको त्यसो नगर्न स्थानीय सरकारलाई आग्रह गरेका छन् ।
त्यस्तै नेपाली कांग्रेसका नेता तथा महासमिति सदस्य कृष्णबहादुर रोकायले सरकारलाई नीनि विधी र विधान बमोजिम चल्न आग्रह गरेका छन्। यदि सरकार नसच्चिए कानूनी र सबैधानिक बाटो खोज्न बाध्य हुने र त्यसको मुल्य चर्को पर्ने धारणा राखेका छन् ।
कार्यक्रममा नेपाली कांग्रेसका नेता तिलक भण्डारी, नेपाली कांग्रेस रुकुमका उपसभापति भिमबहादुर डाँगी, सचिव गोरखबहादुर खत्री, कोषाध्यक्ष मोहबीर खड्का लगायतका भातृ संस्था तथा शुभेच्छुक संस्थाका प्रमुख तथा प्रतिनीधीको आथित्यता रहेको थियो ।
कार्यक्रम नेपाली कांग्रेस मुसीकोट नगरपालिका सभापति महेन्द्र केसीको अध्यक्षता र प्रमुख अतिथिमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य जीवनबहादुर शाहीको रहेको थियो ।
कार्यक्रमको सहजीकरण नेपाली कांग्रेसका युवा नेता परमेश्वर भण्डारीले गरेका थिए ।

## 'सरकारका गफै ठुला'

**रेखदेख संवाददाता**
**मुसीकोट**

नेपाली कांग्रेस केन्द्रीय सदस्य, कर्णाली प्रदेश संसदीय दलका नेता तथा पूर्व पर्यटन मन्त्री जीवनबहादुर शाहीले सरकारको गफै ठुला भएको आरोप लगाएका छन् । शुक्रवार रुकुम पश्चिमको मुसीकोट नगरपालिकामा आयोजित नेपाली कांग्रेसको सरकारको गतिविधीको विरोध कार्यक्रममा बोल्दै यस्तो धारणा राखेका हुन् । जनतालाई शिक्षा, स्वास्थ्य, रोजगारी, खानेपानी, यातायातको सहज पहुँच हुन नसकेको बेला रेल र पानी जहाज गफ सान्दर्भिक नभएको बताए । उनले भने, रेल र पानी जहाजको विरोध गरेको होइन, तर अहिले प्राथमिकता रेल र पानी जहाज नभएको स्पष्ट पारे । प्रतिपक्ष कमजोर रहेको भन्दै चौतर्फी विरोध भएका बेला नेता शाहीले सदनमा कुर्सी भाच्नु, सडकमा टायर बाल्नु कांग्रेसको नीति नभएको भन्दै कांग्रेसले रचनात्मक ढंगले प्रतिपक्षको भुमीका खेलेको बताए ।
वर्तमान सरकारले दुई तिहाईको दम्ब देखाएको तर जनतालाई अनुभूत हुने गरी भने केही गर्न नसकेको उनको भनाई छ । स्थानीय सरकारको विरोध कार्यक्रममा रुकुम पुगेका शाहीले पहिला सुधिन कांग्रेस जनप्रतिनिधीलाई आग्रह गरेका छन् । उनले भने, 'कांग्रेसले जितेको वडा र गाउँपालिकामा नमूना योग्य काम सुझाव दिएका छन् ।

## चौरजहारीमा प्रधानाध्यपक भेला



**रेखदेख संवाददाता**
**चौरजहारी**

बार्षिक परिक्षाको समिक्षा गर्न चौरजहारी नगरपालिकामा समिक्षा गरिएको छ ।
रुकुम (पश्चिम) को चौरजहारी नगरपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यकपहरुको भेला गरिएको हो ।
बार्षिक परीक्षाको समीक्षा, आगामी शैक्षिक सत्रको कार्यक्रमको योजना निर्माण, २०७६सालको शैक्षिक क्यालेन्डर निर्माण, लेखा व्यवस्थापन तथा २०७६को विद्यार्थी भर्ना अभियानको तयारीको लागि प्रधानाध्यापकहरुको भेला गरिएको जनाएको छ । हाम्रो नगर, हाम्रो गाउँ, सबैँ बालबालिकाहरुलाई विद्यालय पुय्राउ भन्ने मुल नारा सहित सबै विद्यालयले भर्ना अभियान सञ्चालन गर्न जनप्रतिनिधि शिक्षक विद्यार्थी कर्मचारीहरुको टोली खटिने निर्णय प्रधानाध्यपकहरुको भेलाले गरेको छ । यसका साथै नगरको शैक्षिक बुलेटिन प्रकाशन गर्न, पाठ्यपुस्तक तथा स्टेशनरी वितरण लगाएत नगर भरिबाट उत्कृष्ट कार्य गर्ने शिक्षक विद्यार्थी कर्मचारी लगाएतलाई पुरस्कृत समेत गरिने जनाएको छ ।
प्रधानाध्यपकहरुो भेलामा बोल्दै नगरप्रमुख विशाल शर्माले भने, मस्तिष्क निर्माणमा शिक्षकहरु लागेको र यसले समाज सुधार गर्न सबैलाई सोचाईमा परिवर्तन, प्रविधी मैत्री र सिर्जनशिलता रहन जरुरी छ ।
विद्यालयमा क्षेत्रभित्र मध्यपान जुवा तास भैरहेको भन्दै त्यसको निगरानी तथा प्रतिबन्ध गर्न सबै आ- आफ्नो ठाँउबाट सचेतना फैलाउने बताए । विद्यालय भन्दा ५०० मिटर भन्दा टाढा मदिरा सुर्तीजन्य पदार्थ हटाउनु पर्ने धारणा नगरप्रमुख शर्माको छ ।
नयाँ शैक्षक सत्रसँगै चौरजहारी नगरपालिकाले विद्यार्थीहरुलाई पाठ्यपुस्तक सँगै कापी, कलम वितरण गर्ने जनाएको छ ।

"एक्काइसौं शताब्दीको आवश्यकता वैज्ञानिक, व्यावहारिक र गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो प्रतिबद्धता"


फोन नं. ०८८५३०२४३
मो.नं. ९७४८५११६५३
मो.नं. ९८४७८५२४००
मो.नं. ९८६६८२७०९६

**आउनुहोस् ! बुझ्नुहोस् !! भर्ना गराउनुहोस् !!!**

के तपाईंहरु आफ्नो बालबालिकाहरुको सुनौलो भविष्य चाहनुहुन्छ ? चाहनुहुन्छ भने चिन्ता नगर्नुहोस् । २०७४ सालको SEE परीक्षामा दुई जना A+ ल्याएर जिल्ला प्रथम सहित शतप्रतिशत उत्तीर्ण गराउन सफल, २०७४ सालको कक्षा ८ को नगर स्तरीय परीक्षामा ९ जना A+ सहित शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल रुकुम जिल्लाकै पहिलो संस्थागत विद्यालय र शिक्षा क्षेत्रमा उत्कृष्ट र नमुना श्री विजयश्वरी सेकेण्डरी इङ्गलिस मिडियम बोर्डिङ्ग स्कुलमा मन्टेस्वरी (Montessori) कक्षादेखि कक्षा ९ सम्म सीमित सिटको लागि नयाँ भर्ना फारम वितरण भैरहेकोले आफ्नो बालबालिकाहरुको उज्ज्वल भविष्यको लागि समयमा नै भर्ना गराई सिट सुरक्षित राख्नुहोस् साथै नयाँ भर्नाको लागि आवेदन फर्म, जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि र पासपोर्ट साइजको दुईप्रति फोटो अनिवार्य हुनुपर्नेछ ।

**हाम्रा विशेषताहरु**

१. मुसिकोट न.पा.वडा नं १ खलंगाको अति मनोरम, हरियाली, सुन्दर एवम् ध्वनि प्रदुषणबाट मुक्त स्थान टटेलामा अतिआधुनिक र भूकम्प प्रतिरोधी आफ्नै भवनमा पठनपाठन संचालन गर्दै आएको,
२. विद्यालयको परिसरमा हुने सम्पूर्ण गतिविधि निगरानी गर्न कक्षाकोठा र बाहिरी भागमा CC Camera जडान गरी आवश्यकता अनुसार मल्टिमिडिया अर्थात प्रोजेक्टर माध्यमबाट पठनपाठन गराइने,
३. शिक्षक, शिक्षिका, छात्र, छात्राका लागि व्यवस्थित छुट्टाछुट्टै शौचालयको व्यवस्था एवम् छात्रा विद्यार्थीको लागि changing room को व्यवस्था,
४. विद्यालयको चारैतिर घेराबार सहित सुरक्षागार्डको व्यवस्था ।
५. विद्यालय भित्र घमेला गृहको व्यवस्था हुनुका साथै आवासमा बस्ने विद्यार्थीका लागि सुविधा सम्पन्न आवास, चिसो र तातो स्वच्छ पिउने पानी र नुहाउने पानीको व्यवस्था,
६. तालिम प्राप्त शिक्षिकाबाट मन्टेस्वरी कक्षामा खेल, संगीत तथा मनोरञ्जन विधिबाट पठनपाठन गराइने,
७. कक्षा १ देखि प्रयोगात्मक सहित कम्प्यूटर कक्षाहरु सञ्चालन र आवश्यकता अनुसार निशुल्क इन्टरनेटको व्यवस्था,
८. विद्यालयमा खेलकुद सामग्री, पुस्तकालय र विज्ञान प्रयोगशालाको व्यवस्था,
९. दक्ष एवं विषयगत विशेषज्ञ शिक्षक-शिक्षिकाहरुद्वारा मनोवैज्ञानिक ढङ्गले पठन पाठन गरिँदै आएको,
१०. विभिन्न विधामा अति उत्कृष्ट १-१ जना एवम् दलित, जनजाति, अपाङ्ग, अशक्त, न्यून आर्थिकस्तर भएका र द्वन्द्वपीडित छात्र छात्रालाई छात्रवृत्ति प्रदान गरिने,
११. इच्छुक विद्यार्थीहरुलाई तेक्वान्डो र कराते खेलहरु सिकाइने साथै साहित्य, संगीत र नृत्य कक्षा संचालन गराइने,
१२. एकै परिवारका तीन जना भर्ना भएमा बीचको एक जनालाई र चारजना भर्ना भएमा ठूलो कक्षामा पढ्नेलाई मासिक शुल्क र भर्ना शुल्क नि:शुल्क गरिने,
१३. कमजोर बालबालिकाको लागि ट्युसन तथा कोचिङको व्यवस्था गरिएको साथै प्रत्येक शुक्रबार English speaking class सञ्चालन गरिने,
१४. नयाँ विद्यार्थीलाई Entrance Exam लिएर मात्र भर्ना गरिने,
१५. हरेक हप्तामा विद्यार्थीको शैक्षिक प्रगतिको मूल्याङ्कन गरिने र त्यसको जानकारी अभिभावकलाई दिइने,
१६. एकै परिवारका तीन जना बोर्डर भएमा एक जनालाई आवास सुविधामा ५०% छुट दिइनेछ,
१७. विद्यार्थीको सुविधालाई मध्यनजर गर्दै स्कूल बसको व्यवस्था भएको ।



**विशेष सहुलियत**

१. २०७६/१/२ गते बिहीबार भर्ना हुनेलाई ७५% छुट र सोभन्दा माथि भर्ना हुनेलाई ६०% छुट ।
२. २०७६/१/३ गते भर्ना हुनेलाई ५५% छुट ।
३. २०७६/१/४ गते भर्ना हुनेलाई ५०% छुट ।
४. २०७६/१/५ गते भर्ना हुनेलाई ४५% छुट ।
५. २०७६/१/६ गते भर्ना हुनेलाई ४०% छुट ।
६. २०७६/१/७ गते देखि २०७६/१/३० गतेसम्म भर्ना हुने सबैलाई ३५% छुट ।

नोट : २०७५ चैत्र २४ गते देखि फाराम वितरण गरिने छ, चैत्र २८ गते देखि up grade (ग्रेड वृद्धि) भएका विद्यार्थीहरुको रजिष्ट्रेशन गरिने छ । २०७६ वैशाख २ गते देखि नयाँ भर्ना सुरु गरिने छ र नयाँ फाराम भरेका विद्यार्थीहरुको प्रवेश परीक्षा २०७६ साल वैशाख ७ गतेका दिन लिनेछ साथै वैशाख १० गतेदेखि कक्षा सञ्चालन हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**जयबहादुर थापा**
प्रिन्सिपल
श्री विजयश्वरी सेकेण्डरी इ.मि. बोर्डिङ्ग स्कुल
मुसिकोट न.पा.-१, रुकुम

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**पवन केसी**
**पिके इन्टरप्राईजेज मुसीकोट १**
**रुकुम (पश्चिम)**

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**जलस्रोत तथा सिंचाई विकास सव डिभिजन**
**कार्यालय रुकुम (पश्चिम)**

**हार्दिक शुभकामना**

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**मोहनप्रकाश गिरी प्रमुख**
**जिल्ला मालपोत कार्यालय**
**रुकुम (पश्चिम)**

# स्वस्थ रहन महिलालाई १० सुझाव

महिला तथा प्रसूति विशेषज्ञ एवं 'भि फर भेजिना' पुस्तककी सहलेखिका डा. एलिसा डेकले आफ्नो स्वास्थ्यको हेरविचार गर्न महिलाका लागि यस्ता सुझाव दिएकी छन् ।



**१. तनाव निर्मूल पार्नुहोस् :** अधिकांश महिला अनावश्यक रुपमा तनाव लिइरहेका हुन्छन् । तनावले प्रजनन् क्षमतादेखि डिप्रेसन, 'एन्जाइटी' र मुटुसम्बन्धी रोगको जोखिम बढ्छ । त्यसैले सकेसम्म तनाव लिनु हुँदैन । तनावरहित हुन हरदम कोसिस गर्नुपर्छ। तपाईंले लिएको तनावले तपाईंको काम बन्दैन बरु स्वास्थ्य बिगार्छ। आफूलाई तनाव नहुने उपाय खोज्ने र निरन्तर अवलम्बन गर्ने गर्नुहोस्।

**२. डाइटिङ नगर्नुहोस् :** स्वस्थकर भोजनको अर्थ घरिघरि एक ग्लास वाइन, एक टुक्रा चकलेट वा केकको एक टुक्रा खानु होइन, बरु भोजनमा संयम र सुधार ल्याउनु हो । थोरै प्रोटिनयुक्त, स्वस्थ्यकर फ्याटयुक्त, कार्बोहाइड्रेट र फाइबर मिश्रित भोजन गर्नु उपयुक्त हुन्छ ।

**३. क्याल्सियम बढी मात्रा नलिने :** शरीरमा धेरै मात्रामा क्याल्सियम भए मिर्गौलामा पत्थरी हुने सम्भावना हुन्छ। साथै, मुटसम्बन्धी रोगको जोखिम पनि बढ्छ । तपाईं ५० वर्षमुनि हुनुहुन्छ भने दैनिक एक हजार मिलिग्राम र ५० वर्षमाथि भए एक हजार दुई सय मिलिग्राम क्याल्सियम भए पुग्छ। यो क्याल्सियम पनि खासगरी भोजनबाट प्राप्त गर्नु उपयुक्त हुन्छ। जस्तो कि क्याल्सियमयुक्त खानेकुरा- दुध, साल्मन माछा, हाडे बदाम आदि खानुपर्छ ।

**४. पर्याप्त व्यायाम गर्नुहोस् :** महिलालाई मुटु बलियो पार्न र रोगप्रतिरोध क्षमता बढाउन 'वेट बियरिङ एक्सरसाइज' (शरीरको वजन वहन क्षमता बढाउने व्यायाम) सातामा पाँच दिन गर्नुपर्छ । जस्तै- नृत्य, जगिङ, कम्तिमा ३० मिनेट हिँड्नु, पौडी खेल्नु आदि। व्यायामले 'ओस्टोपोरोसिस'जस्ता हाडसम्बन्धी रोग, मुटुसम्बन्धी रोग, क्यान्सर मधुमेहजस्ता रोगबाट जोगिन सघाउँछ। व्यायामले महिलामा आत्मविश्वास बढाउनुका साथै आफूप्रतिको धारणा पनि सकारात्मक बनाउने हुनाले मानसिक स्वास्थ्य सबल हुन्छ ।

**५. प्रजनन्बारे बेलैमा विचार गर्नुहोस् :** ३० वर्ष हाराहारीका अधिकांश महिलालाई गर्भवती हुँदा खासै समस्या आउँदैन। तर, सामान्यतया ३२ वर्षको उमेरपछि महिलाको प्रजनन् क्षमता घट्न थाल्छ । त्यसैले आफ्नो करियर बनाउन सन्तान ढिलो जन्माउने सम्बन्धमा चिकित्सकसँग परामर्श गर्नु उपयुक्त हुन्छ। (अहिले विदेशमा महिलाको 'अन्डा' वा विवाहित भए 'भ्रुण' नै पनि फ्रिज गर्ने प्रविधि आइसकेको छ, तर महँगो छ।)

**६. गर्भ निरोधक प्रयोग :** गर्भ निरोधकको प्रयोगले गर्भवती हुनबाट मात्र सुरक्षा दिँदैन, यससम्बन्धी भएका अध्ययनले पाठेघर र ओभ्यारियन क्यान्सरको जोखिम घटाउनुका साथै महिनावारी समेत नियमित गर्ने देखाएका छन्।

**७.बर्षेनी स्वास्थ्य परीक्षण गराउनुहोस् :** २१ वर्ष पुगेका महिलाले ३-३ वर्षमा पाठेघरको मुख (सर्भाइकल) को क्यान्सर' परीक्षण 'प्याप स्मेयर टेस्ट' गराउनुपर्छ। ३०-६५ वर्ष उमेर समूहका महिलाले ५-५ वर्षमा प्याप स्मेयर टेस्टसँगै 'एचभिपी' टेस्ट गर्नुपर्छ। ६५ वर्षभन्दा माथिका महिलाले भने चिकित्सकले क्यान्सरको सम्भावना न्यून बताए टेस्ट गरिरहनुपर्दैन। तर, सक्रिय यौनजीवन बिताइरहेका महिलाले भने गनोरिया, भिरिंगीजस्ता सरुवा रोगको बर्षेनी परीक्षण गराउनुपर्छ भने एचआइभीको पनि परीक्षण गराउनुपर्छ।

**८. स्वस्थ यौन सम्पर्क:** स्वस्थ यौन सम्पर्कले तनाव घटाउँछ भने दीर्घ (क्रोनिक) रोगको जोखिम पनि न्यून पार्छ। तर, यौनबाट आनन्द आउन छोड्यो भने त्यसले थप तनाव दिन्छ। यौन सम्पर्कमा सुख्खापन वा पीडा हुन थाले चिकित्सकसँग परामर्श लिनुपर्छ।

**९. पर्याप्त सुत्नुहोस:** व्यक्तिअनुसार कति घन्टा सुत्ने समय फरक फरक हुन सक्छ। तर, बिहान ओछ्यानबाट उठ्न अल्छि लाग्ने, छिटै थाक्ने, एकाग्र हुन कठिन हुने, ब्युझिँन कठिन हुने जस्ता कुराले तपाई पर्याप्त सुत्नुभएको छैन भन्ने दर्शाउँछ। हालै भएका अध्ययनले निद्रा नपुग्दा मुटुसम्बन्धी रोग र मानसिक रोगको जोखिम उच्च हुने देखाएका छन्। त्यसैले शरीरलाई आराम पुग्नेगरी पर्याप्त सुत्नुपर्छ।

**१०. जेनेटिक परीक्षण:** स्तन क्यान्सर, 'ओभ्यारियन क्यान्सर' र विभिन्न दीर्घरोगको जोखिमको मात्रा थाहा पाउन र रोकथाम गर्न हिजोआज 'जेनेटिक' परीक्षण गर्न सकिन्छ । चिकित्सकहरूले महिलामा यस्ता रोगको जोखिम थाहा पाउन जेनेटिक परीक्षणको सहायता लिन थालेका छन् । त्यसैले चिकित्सकसँग परामर्श गरी जेनेटिक परीक्षण गरी यस्ता रोगबाट बेलैमा जोगिने उपाय गर्न सक्नुहुन्छ।

स्वास्थ्य खबर डटकमबाट

# नेपाल रेडक्रश सोसाईटी रुकुम शाखामा गौतम

*रेखदेख संवाददाता*
*मुसीकोट*



नेपाल रेडक्रश सोसाईटी जिल्ला शाखा रुकुमको १५ औं अधिवेशनबाट नयाँ कार्यसमिति चयन भएको छ । नेपाल रेड्क्रस सोसाइटी जिल्ला शाखा रुकुमको नयाँ कार्यसमिति रमा गौतम सभापतित्वमा १३ सदस्य नयाँ कार्य समिति चयन भएको हो । जसमा उप सभापतिमा अमरसिङ खड्का, महिला उपसभापतिमा दिपा डाँगी खड्का, मन्त्री पदमा टेकबहादुर खड्का र कोषाध्यक्षमा यज्ञबहादुर केसी र्निविराध चयन भएका हुन् । त्यस्तै उपमन्त्री पदमा गणेशमान डाँगी, र उप कोषाध्यक्षमा भुपेन्द्रकुमार ओली चयन भएको नेपाल रेडक्रश सोसाईटी जिल्ला शाखाले जानकारी दिएको छ । नेपाल रेडक्रश रुकुम शाखाको सदस्यहरुमा बसन्त नेपाली, मेवालाल ओली, हरिहर केसी, लोकचन्द्र शाह, पूर्णबहादुर ओली र सुरेन्द्र खत्री र्निविरोध चयन भएको हो ।

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रमुख
डिभिजन बन कार्यालय
रुकुम (पश्चिम)

## हार्दिक शुभकामना

नयाँ वर्ष २०७६ सालको पावन अवसरमा उद्योगी, व्यापारी, कर्मचारीका साथै सम्पूर्ण रुकुमेली आमावुवा, दाजुभाई दिदीवहिनीहरुमा सुख, शान्ति ,समृद्धि, दिर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रमुख
जिल्ला स्वास्थ्य कार्यालय
रुकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

रुकुम जिल्ला २०७१ साल पौष ७ गते नेपालको १८ औं खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेको छ। भने सन् २०२० सम्ममा रुकुमको सम्पूर्ण गाउँपालिका र नगर पालिकाका साथै जिल्लालाई नै पूर्ण सरसफाई घोषणा गर्ने लक्ष्य रहेको हुँदा सम्पूर्ण रूकुम जिल्लाबासी दाजुभाई, दिदी वहिनीहरूमा तपशिलमा उल्लेखित पूर्ण सरसफाईका ६+१ सूचकहरु पुरा गरी साविकका गाविस तथा हालका वडा तथा गाउँपालिकाहरूलाई पूर्ण सरसफाईयुक्त घोषणा अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल :**

१) योजना तर्जुमा तथा व्यवस्थापन
२) चर्पीको समुचित प्रयोग (घरायसी, संस्थागत र सार्वजनिक)
३) व्यक्तिगत सरसफाई (साबुन पानीले हात धुने (घरायसी, संस्थागत र सार्वजनिक)
४) सुरक्षित पानीमा पहुँच तथा प्रयोग
५) सुरक्षीत खानाको प्रयोग
६) घरायसी एवं संस्थागत सरसफाई
७) वातावरणीय सरसफाई

डिभिजन प्रमुख
खानेपानी तथा सरसफाई डिभिजन
कार्यालय रूकुम (पश्चिम)

## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानूनी अपराध हो ।

कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

आठविसबकोट नगरपालिकाको कार्यालय
रूकुम (पश्चिम) कर्णाली प्रदेश नेपाल

## ब्यक्तिगत घटना घटेको ३५ दिन भित्रै दर्ता गरौं

जन्मदर्ता भएपछि बालबालिकाको परिचय कायम हुन्छ । स्कुल भर्ना गर्न, नागरिकताको प्रमाण पत्र प्राप्त गर्न लगायतका कामको लागि जन्मदर्ता उपयोगी हुन्छ । त्यसैले बच्चा जन्मेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा गई निशुल्क जन्मदर्ता गरौं । साथै विबाह, बसाईसराई, मृत्यु र सम्वन्ध बिच्छेदका घटनाहरु समेत ३५ दिन भित्र दर्ता गरी समयमा नै प्रमाण पत्र लिई ढुक्क बनौं ।

सानीभेरी गाउँपालिकाको कार्यालय रूकुम (पश्चिम)
कर्णाली प्रदेश नेपाल



**बीउ पकेट क्षेत्र :** मुसीकोट नगरपालिकाको वडा नं. ३ स्थित माछिमी ज्यूँलामा लगाएको तरकारीको बीउ । यस क्षेत्रमा काउली, मुला, प्याज लगायतका बीउ उत्पादन हुने गर्दछन् । **रेखदेख**

# जुम्ल्याहा बच्चाका बुवा फरक-फरक



दुनियामा कहिलेकाहीँ साँच्चीकै चमत्कार हुन्छ । चीनको जियामेनमा यस्तै भएको छ । त्यहाँ एकजना महिलाले फरक-फरक बाउ भएका जुम्ल्याहा बच्चा जन्माएकी छिन् ।

ती जुम्ल्याहा बच्चाको जन्म दर्ता गराउने क्रममा पितृत्व परीक्षण गर्दा उनीहरुका पिता फरक-फरक पुरुष रहेको प्रमाणित भएको हो ।


डिएनए टेस्टका क्रममा जुम्ल्याहाको डिएनए फरक-फरक पाइयो । यसको अर्थ दुई बच्चाको पिता एउटै थिएनन् । त्यसपछि ती महिलासँग सोधनी भयो । अन्तत : उनले आफूले आफ्नो लोग्ने बाहेकको पर पुरुषसँग पनि यौन सम्पर्क राखेको र सोही यौन सम्पर्कका क्रममा गर्भाधान भएको हुनसक्ने बताइन् । स्थानीय सरकारी अड्डामा बच्चाको जन्मदर्ता गराउँदा बाउ आमाले आफ्नो बच्चा भएको प्रमाण स्वरुप डिएनए रिपोर्ट बुझाउनु पर्ने रहेछ । सोही मुताविक ती जुम्ल्याहाको पनि डिएनए परीक्षण गरिएको थियो । तर, जब जुम्ल्याहाको डिएनए रिपोर्ट फरक-फरक आयो, तब सबै झसँग परे । त्यसले ती महिलाको पोल मात्र खुलेन चिकित्सा जगतमा एउटा नयाँ चमत्कार पनि भेटियो ।

स्थानीय सञ्चार माध्यमका अनुसार जुम्ल्याहा बच्चा जन्मिने बित्तिकै बच्चाका पिता शियाओलोंगले जुम्ल्याहा मध्ये एउटा बच्चाको अनुहार आफूसँग ठ्याक्कै नमिल्ने भन्दै गुनासो गरिरहेका थिए ।


जब डिएनए रिपोर्ट आयो तब उनको त्यो गुनासो सही ठहरियो । पहिलो पटकको डिएनए टेस्टमा पत्यार नलागेपछि उनले फुजियान झेंगताई न्यायिकप्रमाणीकरण केन्द्रमा गएर पुन : डिएनए टेस्ट गराए । आखिर नतिजा उहीँ निस्कियो । जसबाट प्रमाणित भयो कि जुम्ल्याहा मध्ये एउटा बच्चाको पिता उनी नभएर अर्को कुनै पुरुष रहेछ ।

सुरुमा त पत्नी चाहीँले डिएनए रिपोर्ट झुटो भन्दै आफ्नो कुनै पनि पुरुषसँग सम्बन्ध नरहेको जिकिर गरेकी थिइन् । तर उनको झुट लामो समयसम्म टिकेन र अन्ततः आफू अर्को पुरुषसँग पनि अवैध सम्बन्ध कायम गरेको र एकरात सँगै बिताएको स्विकारिन् । *एजेन्सी*


## शरीर मात्र स्वस्थ भएर पुग्दैन मन पनि स्वस्थ हुनुपर्छ ...



एक्लै बस्न रुचाउने, मन आत्तिइरहने, अरुको कुरा सुन्दैमा झर्को लाग्ने, निद्रा नपर्ने वा बारम्बार आत्महत्याको विचार आएमा .......



अचानक मुर्छा परेर बेहोस हुने, हात खुट्टा अररो (कडा) हुने र मुखबाट फिँज निस्किएमा ...



डराउने, आत्तिने, रुने र स्कुलमा एकपछि अर्को गर्दै बेहोस हुने समस्या देखा परेमा.......




बालबालिकामा पनि टोलाउने, बढी चकचक गर्ने, डराउने, चुप लागेर बस्नै नसक्ने ... जस्ता समस्या देखिएमा ......

नजिकैको स्वास्थ्य संस्थामा उपचार र मनो-परामर्शका निम्ति तुरुन्तै लैजाऔं ..!

एन. प्याफ. रुकुम | जिल्ला स्वास्थ्य कार्यालय, रुकुम | यु.एम.एन



## प्रो.नवराज ओली

९८६६९६६५२२
९८०३५०८८५२

## निराजन गार्मेन्ट एण्ड सप्लायर्स

मुसिकोट नगरपालिका १ कालिका मन्दिर अगाडी
रुकुम (पश्चिम)



हामीकहाँ विभिन्न किसिमका बोर्डिङ्ग, स्कुलका ड्रेस, गेमसर्ट, ट्र्याक सुट, लेडिज एण्ड जेन्स जकेट सर्ट,टिसर्ट, टाइबेल्ट, सुइटर, ब्याग, स्कुल ब्याग लगायतका विभिन्न किसीमका आधुनिक कपडाहरु निर्माण गरिन्छ ।


## जनहितमा जारी सन्देश

जातीय भेदभाव कानुनी अपराध हो ।
कसैले पनि जातीय भेदभाव तथा छुवाछूत गर्न वा गराउन हुदैन , यदि गरेमा जातीय भदेभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन २०६८ बमोजिम कसुर गर्ने व्यक्तिलाई तीन महिनादेखी तीन वर्षसम्म कैद वा एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ ।

**त्रिवेणी गाउँपालिकाको कार्यालय रुकुम (पश्चिम)**
**कर्णाली प्रदेश नेपाल**

## २०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा सञ्चार विभाग

रेखदेख साप्ताहिकको लागि प्रकाशक/सम्पादक : प्रबिर ददेल कार्यालय : मुसिकोट नगरपालिका. १, मिडियाचोक रुकुम
फोन नं : ९८४७८७६७१३ इमेल : info@rekhadekh.com, rekhadekh@gmail.com
Web-www.rekhadekh.com मुद्रण : राप्ती अफसेट प्रेस रुकुम